# हुप्सेकोट गाउँपालिकाको गाउँ सभामा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम ।

गाउँपालिका उपाध्यक्ष ज्यू एवं श्री गाउँ सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासीय अधिकृत तथा अन्य कर्मचारीहरु, विभिन्न संघ संस्थाका प्रमुख, सञ्चारकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरु ।

स्थानीय तहमा जनताको अधिकार स्थापित गदै **"समृद्ध हुप्सेकोट ,सुखी हुप्सेकोट"** वासी भन्ने मन्त्रलाई दिर्धकालिन लक्ष्य लिई निवार्चित जनप्रतिनीधिको रुपमा हुप्सेकोट गाउँपालिकाको दोस्रो गाउँ सभामा स्थानिय सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म हर्षविभोर छु ।

लोकतान्त्रिक आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति श्रदाञ्जली व्यक्त गर्न चाहान्छु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते, वेपत्ता नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । नेपालको युगान्तकारी परिवर्तनको लागि भएका राष्ट्रियता, लोकतन्त्र र जनजीविकाका आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योग्दानको उच्च सम्मान र कदर सहित स्मरण गर्न चाहान्छु ।

गाउँपालिकाको भौगोलिक, सामाजिक आर्थिक तथा सांस्कृतिक विविधतालाई आत्मासाथ गदै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यस गाउँपालिका दृढ संकल्परत छ । हुप्सेकोट गाउँपालिका लोकतन्त्रका आधारभूत मुल्य मान्यता,बहुवादी खुल्ला समाज, मानव अधिकारका सर्वमान्य सिद्धान्तलाई आत्म साथ गदै विधिको शासन प्रती पूर्ण प्रतिवद्ध छ ।

हाम्रो गाउँपालिका प्राकृतिक सुन्दरता, भौगोलीक तथा सांस्कृतिक विविधताले परिपूर्ण छ । सामाजिक एवं सांस्कृतिक समानता,सहिष्णुता,एकताबद्ध,सभ्य,समृद्धि र सुसंस्कृत समाज निमार्ण गर्ने नीति गाउँ सरकारले लिएको छ ।

**"हामीहरु जनताका सेवक हौ"**। भन्ने मान्यतामा आधारित जनउत्तरदायी,पारदर्शी, मिहेनती र सहयोगी संयन्त्र बाट नै समृद्धिको अभियानलाई अघि बढाउन सकिन्छ भन्ने मान्यतालाई हामीले आत्मसाथ गरेका छौ । हामीहरु"समृद्ध नेपाल, सुखी नेपालीको"राष्ट्रिय अभियानलाई सार्थक बनाउन चाहान्छौ ।
हुप्सेकोट गाउँपालिकालाई महिला मैत्री समृद्ध गाउँपालिका बनाउने दिर्धकालिन लक्ष्य लिई आगामी वर्षका नीति तथा कार्यक्रमहरु सञ्चालित हुनेछन् । शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासलाई पहिलो प्राथामितामा राखि आगामि नीति तथा कार्यक्रमहरु सञ्चालीत हुनेछन् ।

दिगो विकासका लक्ष्य महिला मैत्री समृद्ध गाउँपालिका निमार्णको आधारलाई पुरा गर्न विकास नीति, कानुन निमार्ण, जनशक्ति, स्रोत साधन, सेवा प्रवाह, अनुगमन र मुल्याङ्कन क्षेत्रमा परिर्वत गरी जनताले अनुभूत गर्ने विकास र समृद्धि हासिल गर्न तर्फ केन्द्रित भई नीति तथा कार्यक्रमहरु संञ्चालित हुने छन् ।

गाउँपालिका क्षेत्र भित्रका सबै संघ सस्था, सरकारी तथा गैर सरकारी निकायहरुमा आर्थिक पारदर्शिता र सुशासनलाई प्रभावकारी कार्यान्वयन गराईने छ । अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारी प्रवर्द्धन, आत्मनिर्भर र निर्यातमुलक बनाउन जोड दिईने छ । सबै प्रकारका उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापन गरी,उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ । प्रजातान्त्रीक समाजवाद उन्मुख, अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासील गर्न यो नीति तथा कार्यक्रमले मार्ग निर्देशन गर्ने छ ।

चालु आर्थिक वर्ष २०७४/७५ मा यस हुप्सेकोट गाउँपालिलाई वित्तिय समानीकरण बाट रु सत्र करोड बाइस लाख पाँच हजार ,शसर्त अनुदान तर्फ आठ करोड पन्ध्र लाख एकतिस हजार प्राप्त भएको थियो भने चालु आ.व. मा रु २३ लाख पचास हजार आन्तरिक आम्दानी हुने प्रक्षेपण गरेकोमा जेष्ठ मसान्त सम्म यस गाउँपालिकामा रु २७ लाख ३७ हजार ४४रुपैया ६५ पैसा जम्मा भएको छ । भने जेष्ठ मसान्त सम्ममा यस गाउँपालिकाको चालु खर्च एक करोड सत्र लाख सत्र हजार पाँच सय बाउन्न रुपैया पचाँस पैसा ,पुँजीगत खर्च रु आठ करोड वाह्र लाख चौतिस हजार चार सय पचहत्तर र सर्शत अनुदानमा रु सात करोड पचास लाख उनान्सत्तरी हजार चार सय छेहत्तर गरी जम्मा सोह्र करोड असी लाख एक्काइस हजार पाँच सय तीन रुपैँया पचास पैसा खर्च भई वित्तिय प्रगती ६६.२२% रहेको छ । ठुला आयोजना र कार्यक्रमको काम अन्तिम चरणमा रहेको यस आ.व. को वित्तिय प्रगती यस महिनामा पुरा हुने अनुमान छ ।

**अब म चालु आर्थिक वर्षमा सम्पादन भएका महत्वपुर्ण क्रियाकलापहरुलाई प्रस्तुत गर्दछु ।**

१. प्रदेश स्तरीय झयालवास-वसेनी,रुचाङ हुदै पोखरा जोड्ने सडकको ट्र्याक खोली साना गाडीहरु सञ्चालनमा ल्याइ गाउँपालिकाका पाहाडी भेगका जनताहरुमा सडक पहुँच विस्तार भएको छ ।

२. **"सुत्केरी आमा पोषिलो खाना"** कार्यक्रम मार्फत ४०५ जना लाभान्वित भएका छन् ।

३. गाउँपालिकाको वडा नं २ को दमार डाँडामा विजुली बत्ती सञ्चालनमा रहेको छ ।

४. उज्यालो हुप्सेकोट अभियान अन्तर्गत विद्युत नपुगेको वडा नं. ४,५,२ र ६ का वडामा विद्युतिकरण कार्य भई रहेको छ ।

५.वडा नं.४ को कुटेमा मोटरबाटो पुगी त्यहाँका जनता सडक सञ्जालमा जोडिएका छन् ।

६. वडा नं ४ को बोचाडी र गुरुङघाटमा खानेपानी योजना सञ्चालन गरी जनताहरुलाई स्वच्छ पिउने पानिको व्यवस्था गरिएको छ ।

७. वडा कार्यालयहरुबाट सम्पादन हुने कार्यहरु तत् तत् वडा कार्यलय बाट सम्पादन हुने व्यवस्था मिलाइएको छ ।

८. पत्थरखोलामा पुल निमार्ण गर्न डि.पि. आर तयार गरी पुल निमार्ण कार्य सञ्चालन हुने अवस्था रहेको छ ।

९. गिरुवारी खोलाको झ्यालवास- गुहेरी जोड्ने वयरघाटमा झुलुङ्गे पुल निमार्ण कार्यारम्भ चरणमा रहेको छ ।

१०. विभिन्न वडाहरुका सडकहरुको स्तरोन्नती गरीएको छ ।

११. दुरसञ्चारको सेवाबाट वञ्चित जनताहरुलाई सञ्चारको पहुँच पुऱ्याउन वडा नं ६ मा टावर निमार्ण भईरहेको तथा वडा नं २,४ र ५ मा सर्वे भई टावर निमार्ण प्रक्रियामा रहेको छ ।

१२. गाउँपालिका सार्वजनिक विद्यालयमा गुणस्तरीय शिक्षाको प्रबन्ध मिलाईएको छ ।

१३. वडा नं ५ को रुद्रपुरमा भ्युटावर निमार्ण कार्य सुरु हुन थालेको छ ।

१४. गाउँपालिकाको संमग्र अवस्था झल्किने village profile तयारी गर्ने प्रक्रियामा रहेको छ ।

१५. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहमा छिटो छरितो पारदर्शिता गराउन नागरिक वडापत्र राखी कार्यान्वयनमा ल्याइएको छ ।

१६. राष्ट्रिय अभियान अन्तर्गत विद्यालय आउने उमेरका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न शिशु कक्षा र बालबालिकाहरुलाई झोला वितरण गरिएको ।

१७.गुणस्तरीय शिक्षालाई गाउँपालिकाका सबै विद्यालयका बालविकासमा अध्यापनरत शिक्षिाकाहरुलाई मन्टेश्वरी तालिम दिएको छ ।

१८. दुईवटा प्राथामिक विद्यालयलाई मर्च गरिएको छ ।

१९. मातृ तथा शिशुमृत्युदर घटाउन वडा नं ४ शङ्खदेवमा तथा वडा नं ६ को मौलाथरमा वार्थिङ सेन्टर सञ्चालन गर्ने अवस्थामा रहेको तथा वडा नं ४ को स्वास्थ्य चौकीको भवनमा रहेको वर्थिङ सेन्टरलाई थप गुणस्तरीय तथा व्यवस्थित गरीएको छ ।

२०.गाउँपालिकामा पशु भ्याक्सिनेशन तथा विषादी सचेतना कार्यक्रम सञ्चालन गरीएको तथा गाउँपालिकालाई दुग्ध,मासु र अण्डामा आत्मनिर्भर बनाउने रणनीति लिएको छ ।

२१. पुर्व जनप्रतिनिधी तथा ८० वर्ष माथिका वृद्ध महिलालाई सम्मान गरिएको छ ।

२२. गाउँपालिकाको हुप्सेकोट -६ मा एकिकृत घुम्ती सेवा शिविर सञ्चालन गरि नागरिकता वितरण,स्वास्थ्य शिविर, पशु उपचार जस्ता सार्वजनिक सेवाहरु सञ्चालन गरी जनतामा सार्वजनीक सेवा घर दैलोमा पुऱ्याइएको छ ।

२३. खानेपानी मन्त्रालयबाट गाउँपालिकाको सहरी खानेपानी आयोजना स्वीकृत भएको छ ।

२४. वडा नं ६ को पेलेगामा रहेको पेल्टीसेट मर्मत गरी लघु जलविद्युत आयोजना सञ्चालन गरीएको छ ।

२५. वडा नं ५को धौवादी हर्दे खानेपानी योजना सञ्चालन अन्तिम चरणमा रहेको छ ।

२६. वडा नं ५ रुद्रपुर देखि राम्चे जोड्ने सडक सम्पन्न भएको छ ।

२७. वडा नं ५को पाङग्रेघाटको सिचाई कुलो सञ्चालनमा आएको छ ।
२८. वडा नं ५ को धौवादीमा मगर संस्कृतिको संरक्षण र संर्वद्धनको कार्यक्रम सञ्चालन गरिएको छ ।
२९. हुप्सेकोट गाउँपालिकामा रङ्गशाला निमार्ण गर्न स्थान छनोट गरी निमार्ण कार्यको तयारी गरिएको छ ।
३० साथै गिरुवारी तथा पत्थरखोलाको नदीजन्य पदार्थहरु व्यवस्थापन गर्न वातावरणीय प्रभाव मुल्याङकन (IEE) सम्पन्न गरिएको छ ।
३१ गाउँपालिकामा विभिन्न सीप मूलक तालिम सञ्चालन गरिएको छ ।
३२.कृषीयोग्य जमिनको खण्डीकरण गरी प्लटिङ्ग गर्ने कार्यलाई निरुत्साहित गरिएको छ ।
३३. हुप्सेकोट गाउँपालिका बाट प्रवाह हुने सबै सेवा सुविधाहरु वेभसाइटको माध्यमबाट प्रवाह गरिएको तथा डिजिटल सूचना पाटीको व्यवस्था अन्तिम चरणमा पुगेको छ ।

**आदणीय सभाका सदस्य ज्यूहरु :**

**यस गाउँ सभामा आर्थिक वर्ष २०७५/०७६ मा लिइएका नीति तथा कार्यक्रम र त्यसको लागी व्यवस्था गरिएको वजेट प्रस्तुत गर्न चाहान्छु ।**

- संघिय सरकार र प्रदेश सरकारसंगको सहकार्यमा काम गर्नका लागि रु ५३ लाख १७ हजार ३ सय ७८ रुपैया समपुरक वजेट विनियोजन गरेको छु । साथै विपत व्यवस्थापन तर्फ रु १५ लाख रकम विनियोजन गरेको छु ।
- गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि पूर्वाधार विकास तर्फ वडा स्तरिय योजनाको लागि रु चार करोड साठी लाख विनियोजन गरेको छु ।
- आर्थिक विकास तर्फ रु ४८ लाख,सामाजिक विकास तर्फ रु ४८ लाख र वन वातावरण तथा विपत व्यवस्थापन तर्फ रु ३० लाख गरी जम्मा ५ करोड ८६ लाख ( पाँच करोड छयासी लाख रुपैया ) विनियोजन गरेको छु ।
- समृद्ध गाउँपालिका निमार्ण गर्न रु ३,७५,००,००० ,पूवार्धार तर्फ,आर्थिक विकास तर्फ रु १०५,००,०००, सामाजिक विकास तर्फ रु १,७१,००,००० हुने अनुमान गरेको छु ।

## क. <u>शिक्षा</u>

**“गाउँपालिका  निमार्णको आधार , सीपयुक्त गुणस्तरीय शिक्षा ”**

**१)** शिक्षालाई आर्थिक, सामाजिक,रुपान्तरण संवाहकको रुपमा विकास गर्न सबै तह एवं विधाको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता ,गुणस्तर सुधार, अब्वल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवं संस्थागत विद्यालय बीचको भिन्नता अन्त्य गरिनेछ ।

**२)** आशालाग्दा अभ्यास -**“प्रयास गरे परिवर्तन सम्भव छ”** भन्ने मान्यतालाई स्थापित गर्न शैक्षिक प्रणालीलाई  जिम्मेवार, जवाफदेही, पारदर्शी,नतिजामुखी र उत्तरदायी बनाईने छ ।

**३)** गाउँपालिकाको शिक्षा प्रणालीमा परिर्वतन गरी विगतका कमि कमजोरी सच्चाई विद्यमान कानुनी व्यवस्थालाई परिवर्तन गर्न “गाउँ शिक्षा ऐन ”को निमार्ण गरी  सीपमूलक, गुणस्तरीय शिक्षाको  प्रत्याभूति जनतालाई दिलाइनेछ ।

**४)** गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिलाई क्रमस अनिवार्य गरिने छ ।

**५)** गाउँपालिकामा एउटा प्राविधीक विद्यालय स्थापना गर्ने व्यवस्था मिलाइनेछ ।

**६)** गाउँपालिकाका विद्यालयहरुमा समुदायका विभिन्न सिपहरु हस्तान्त्रण गर्न गाउँपालिकाले घुम्ती प्रविधीक शिक्षकको व्यवस्था गरी बालबालीलाई सिपहरु सिकाइने व्यवस्था मिलाईने छ ।

**७)** सम्पूर्ण  बालबालिकालाई **“विद्यालय ल्याऔ, टिकाऔ र सिकाऔ** ” अभियान सफल पार्न बालविकासमा आउने हरेक बालबालीकालाई एउटा झोला र गाउँपालिका वर्णमाला वितरण गरिने छ ।

**८)** सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थीहरुलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिने छ ।

**९)** सामुदायीक विद्यालयमा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान दिईने छ ।

**झ)** शैक्षिक सामाग्री निमार्ण तथा Book corner को लागि प्रतिविद्यार्थी लागत अनुदान दिइनेछ ।

**१०)** कक्षा ११/१२ मा अध्ययनत तोकिएका लक्षित वर्गको विद्यार्थीको लागि पुस्तकालयमा आधारीत पाठ्यपुस्तक उपलब्ध गराईने छ ।

**११)** गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिकाले स्रोत शिक्षकको व्यवस्था गरिने छ ।

**१२)** उत्कृष्ट सिकाइ उपलब्धी भएका विद्यार्थीहरुलाई सिकाइ सुदृढीकरण तथा विद्यालयलाई कार्य सम्पादनमा आधारीत अनुदान दिइनेछ ।

**१३)** कक्षा ११ र १२ का विद्याथीको सिकाइ उपलब्धीमा सुधार ल्याउन सबै माध्यामिक विद्यालयमा ११ र १२ का कक्षाहरु दिवा समयमा अनिवार्य रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

१४) कक्षा ६,७,८ मा कम्प्युटर शिक्षालाई अनिवार्य गराई आवश्यकता अनुसार माध्यामिक तह सम्म कम्प्युटर शिक्षा अनिवार्य गराउने ।
१५) हरेक वडामा इन्टरनेट कनेक्सन गराएर Free wifi zone निमार्ण गरिनेछ ।
१६) छात्राहरुको स्कुल आउने दरमा निरन्तरता ल्याउन,सबै माध्यामिक तथा आधारभूत (६-१०) चलेका विद्यालयलाई सेनेटरी प्याड वितरण गर्ने व्यवस्था मिलाइने छ ।
१७) उच्च शिक्षा अध्ययनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
१८) सबै सामुदायीक विद्यालयमा कुनै बहानामा विद्यार्थी तथा अभिभावक सहयोगको नामबाट शुल्क लिन नपाइने व्यवस्था गरिने छ ।
१९) दिवा खाजाको व्वस्थालाई निरन्तरता दिईने छ ।
२१) शिक्षक सिकाइमा सूचना प्रविधीको पहुँच पुऱ्याउन कम्प्युटर खरिद तथा इन्टरनेट जडानको व्यवस्था मिलाइने छ ।
२०) विद्यालयहरुमा पानी तथा स्वास्थ्य र सरसफाइ सुविधा सहितको शौचालय निमार्ण गरिने छ ।
२१) हुप्सेकोट शैक्षिक विकासको मार्गदिशा खडा गर्न एक उच्च स्तरीय शिक्षा आयोगको गठन गरी सुझावको आधारमा शिक्षा सम्बन्धी गुरुयोजना निमार्ण गरीनेछ ।
२२)विद्यार्थीहरुलाई शिक्षा प्रति जागरुक बनाउन राष्ट्रियस्तरका विद्धान,वैज्ञानीक आदि ल्याई शैक्षीक कार्यशाला सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
२३) गरिव तथा जेहेन्दार छात्रावृत्ती माध्यामिक तहका विद्यार्थीहरुलाई वितरण गर्ने वातावरण मिलाईने ।
२४)सामुदायिक विद्यालयको भौतिक पूर्वाधार दरवन्दी मिलान, विद्यालय अनुगमन, विद्यार्थी भर्ना अभियान, अक्षर लेखन तालिम, शिक्षक कर्मचारीको क्षमता वृद्धि कार्यक्रम संञ्चालन गरिने छ ।
२५) गुणस्तरीय शिक्षामा पहुँच वृद्धि गर्न विद्यार्थी संख्या, भौगोलिकतालाई हेरी विद्यालय गाभ्नु पर्ने भए यसको लागि प्रोत्साहान गरीनेछ ।
२६)शिक्षकहरुलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाई सिकाइ उपलब्धीमा वृद्धि गर्न आफूले अध्यापन गर्ने विषयमा सिकाइ उपलब्धी कम भएमा शिक्षकले विद्यार्थीबाट कुनै शुल्क नलिई सुधारात्मक कक्षा १०-४ भन्दा अन्य समयमा सञ्चालन गर्नुपर्ने व्यवस्था मिलाइने छ ।
२७) आधारभूत तहको अन्तिम परीक्षा (८) कक्षामा उत्कृष्ट नतिजा ल्याउने विषयका शिक्षकहरुलाई पुरस्कृत गरिनेछ ।
२८)पूर्व प्राथामिक तहमा अध्यापनरत शिक्षिका लाई मन्टेशवरी तालिम दिइनेछ ।
२९) गाउँपालिका भित्र सञ्चालित विद्यालयका कक्षा ५,८ र १० को अन्तिम परिक्षालाई आधारमानी उत्कृष्ट नतिजा ल्याउने शिक्षक विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।
३०). विद्यालयहरुको शैक्षिक गुणस्तरमा वृद्धि गर्न भौतिक पुर्वाधार निमार्ण तथा फर्निचर निमार्णमा जोड दिइनेछ ।

**ख. स्वास्थ्य तथा सरसफाई :-**

- गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामुलक पहुँच वृद्धि गरिनेछ । गुणस्तरीय तथा स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरुलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरुको व्यवस्थापकीय प्रणालीलाई सुदृढ गराउन,संघीय सरकारबाट प्राप्त सर्शत कार्यक्रमको आफै प्रभावकारी कार्यन्वयन गर्ने, आयुर्वेद औषधालय स्थापनाको पहल गर्ने,प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि निजी तथा सरकारी स्वास्थ्य सस्थाहरुको नियमन,महिला स्वास्थ्य तथा प्रजनन् स्वास्थ्य कार्यक्रम,बालस्वास्थ्य तथा पोषण कार्यक्रम, औषधी तथा उपकरण आपूर्ती, स्वास्थ्य विमा कार्यक्रम,आमा सुरक्षा कार्यक्रम,राष्ट्रिय खोप तथा विशेष खोप,भिटामिन तथा जुकाको औषधी लगायत राष्ट्रिय स्तरका कार्यक्रमको प्रभावकारी कार्यन्वयन सहित गाउँपालिकाको समग्र स्वास्थ्य प्रणालीमा सुधारको लागि गाउँ स्वास्थ्य तथा सरसफाई ऐन एबं नीति तर्जुमा गरी कार्यान्वयन ल्याइनेछ ।
- “**सुत्केरी आमा पोषिलो खाना**” कार्यक्रम कार्यान्वयन गर्न प्रसुति महिला तथा नवजात शिशुको लागि विशेष पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य चौकीको स्तरोन्नती गरीनेछ साथै अस्पताल निमार्णको लागि विस्तृत सम्भाव्यता अध्ययन गर्ने व्यवस्था मिलाइने छ ।
- आगामी दुई वर्षभित्र सबै वडामा एक-एक वटा स्वास्थ्य संस्था स्थापना गर्न संघ तथा प्रदेश संग सहकार्य गरिने छ ।
- सर्पदंशका विरामीलाई निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ ।
- हरेक वडामा चार-चार महिनामा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा स्वास्थ्य शिविर सञ्चालन गरी निःशुल्क औषधी उपचारको व्यवस्था मिलाइने छ ।
- मातृ तथा शिशुमृत्युदर घटाउन वडा नं ४ को शङ्खदेव तथा वडा नं ६ को मौलाथरमा वर्थिङ सेन्टर सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
- महिला स्वास्थ्य स्वर्यसेविकाहरुको क्षमता विकास गरिने छ ।
- मदिरा तथा सुर्तिजन्य पदार्थको उत्पादन,सेवन,विक्री वितरण गर्ने कार्यलाई व्यवस्थित गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी बनाउन नमुनाका रुपमा वडा नं ५ र ६ का नागरीकलाई स्वास्थ्य विमामा लाग्ने रकमको ५०% रकम गाउँपालिकाले अनुदान दिने गरी वजेटको व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा स्वास्थ्य तथा सरसफाई सचेतना कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
- सार्वजनिक स्थल तथा सवारी साधनमा ध्रुमपान तथा मदिरा निषेध गरिनेछ ।

**ग.कृषि तथा पशुपालन :-असल कृषक बनौ -गाउँ समृद्ध बनाऔ**

- कृषि क्षेत्रको आधुनिकीकरण,व्यवसायीकरण,यान्त्रीकीकरणमा जोड दिइनेछ । उन्नत विउ विजन ,मलखाद तथा सिंचाईको प्रबन्ध गर्दै आधुनिक खेती पद्धतिको विकास गरीनेछ । अर्गानिक खेती, तरकारी तथा फलफुलमा जोड दिइनेछ ।
- कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषक समुह, कृषि उद्यमी ,कृषि कम्पनी र कृषि सहकारीलाई कृषि आय र प्रतिफलको आधारमा सहयोग गरिनेछ ।
- प्रदेश संग समन्वय गरी गरिवी निवारण र रोजगारी ,सिर्जनाको लागि वातावरण मैत्री कृषि गाउँ कार्यक्रम सञ्चालन गरीनेछ ।
- पहाडी क्षेत्रमा व्यवसायिक तरकारी खेती गर्न आवश्यक पर्ने टनेल निमार्ण,प्लाष्टिक पोखरी,थोपा सिंचाईको सामाग्रीमा अनुदानको व्यवस्था मिलाइनेछ ।
- व्यवसायिक किसानको पहिचान गरी परिचय पत्र वितरण गर्दै सो को आधारमा किसानहरुलाई स्वास्थ्य विमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- बढ्दो रसायनिक  मललाई प्रतिस्थापन गर्न  प्रांगारिक मल, हरियो मल ( धैचा)खरिदमा ५०% अनुदान दिइने व्यवस्था मिलाइनेछ ।
- वाखा लगायत पशुहरुको नश्ल सुधार गरिनेछ ।
- माध्यामिक विद्यालयका बालबालिकाले कृषि शिक्षाको प्रवद्धन र विकास गर्न कृषि फर्म र पाठशाला सञ्चालन गरीनेछ । यसका साथै कृषक पाठशाला सञ्चालनको कार्यक्रम ल्याइने छ ।
- वैदेशिक रोजगारीबाट फर्केका युवालाई आर्गनिक खेती र कृषि व्यवसायमा आकर्षित गरिनेछ ।
- एक सहकारी एक नमुना उत्पादन कार्यक्रमलाई प्रोत्साहान गरिनेछ ।
- कृषि उपजलाई वजार पहुँच विस्तारको लागि कृषि उपज संकलन केन्द्र स्थापना गरिनेछ । विचौलिया प्रवृतीको अन्त्यका लागि कृषक र उपभोक्ता बिच सिधा सम्पर्कको लागि सूचना प्रविधीको विकास गरिने छ ।
- उच्च मुल्य वालीहरु जस्तै कागतीखेती, वर्षे फलफुलखेती,च्याउखेती, अदुवाखेतीको व्यवसायिकरणका लागी विरुवा, विउ,मल शुक्ष्म तत्व,च्याउखेती घरमा  अनुदानको व्यवस्था मिलाइनेछ । यसका साथै ज्ञान,शिप,प्रविधिको लागि तालिम कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
- हुप्सेकोट गाउँपालिकाको वडा नं ४,५र ६ मा मौरीचरणको क्षेत्र पहिचानमा आएकाले व्यवसायिक मौरीपालनमा मौरीघार,गोला,आधार चाका,मौरी सामाग्री,मह मदानीमा अनुदानको व्यवस्था मिलाईने छ । मौरीपालन व्यवसायलाई प्रवद्धन गर्न ज्ञान सिप र प्रविधि उपलब्ध गराई मौरी चरण क्षेत्र विस्तार र मौरी चरण खर्कको विकास गरिनेछ ।

- खाद्यान्न वालीको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि उन्नत विउमा अनुदानको व्यवस्था गरिनेछ । साथै धानवालीमा विशेष उत्पादन कार्यक्रम तयार गरी सञ्चालन गरिने छ ।
- हुप्सेकोट गाउँपालिकाका पाहाडी क्षेत्रहरुमा करेसावारी तरकारीखेतीलाई प्रोत्साहन दिने खालका कार्यक्रम बनाई सञ्चालन गरिनेछ ।
- बदाम तथा चुकन्दर जस्ता उच्च मुल्य वालीहरुको विभिन्न परिक्षण प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ ।
- समग्र कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धिका साथै सिंचित क्षेत्रफल विस्तारका लागि सतह प्रणलीमा आधारित नहर,कुलो निमार्ण,मर्मत सम्भार र सिंचाईका लागि प्लाष्टिक पोखरी एवं भुमिगत जलस्रोत सिचाईका लागि वोरिङ निमार्ण गरि सिंचाइ  प्रणालीको विकास गरिनेछ ।
- विभिन्न व्यवसायिक कृषकहरुलाई प्रोत्साहनका लागि गाउँपालिका स्तरिय उत्कृष्ट कृषक पुरस्कारका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- तरकारीखेती तथा आलुखेती पकेट सञ्चालनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यक्रम अर्न्तगत पकेट सञ्चालक समितीलाई कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- युवाहरुलाई कृषि पेशा प्रति आकर्षित गर्दै आय आर्जन र रोजगारी सृजनाका लागि मांगमा आधारीत व्यवसायिक कृषि कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।
- मकैखेतीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न पकेट क्षेत्रको पहिचान गरि व्यवसायमुलक मकैखेती कार्यक्रममा विउ,मल,तालिम,त्रिपाल र मकै छोडाउने मेसिनमा अनुदानको व्यवस्था गरिनेछ ।
- हुप्सेकोट गाउँपालिका वडा नं २,४,५र ६ का पाहाडी भु-भागमा उच्चस्तरिय कफी उत्पादनको सम्भाव्यता देखिएकाले सम्भाव्यता अध्ययनको लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- धानखेतीको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि स्थानियस्तरमा उन्नत धान विउ उत्पादन कार्यक्रममा विउ,मल,सुक्ष्मतत्व,त्रीपाल आदिमा अनुदानको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिका भित्रका यूवाहरुलाई कृषि पेशामा आकर्षण गदै रोजगारी र आय आर्जनका लागि प्रत्येक वडामा १/१वटा निजी तथा साझेदारीमा नमुना कृषि फार्म स्थापनाका लागि आवश्यक वजेट विनियोजन गरिनेछ ।
- **“.माटो नै जिवन हो”** भन्ने मुल नारा लिई माटो सुधार कार्यक्रम अन्तर्गत माटो परिक्षण, गोठ सुधार र कृषि चुनमा अनुदानको व्यवस्था गरिनेछ ।

- हुप्सेकोट गाउँपालिका भित्र रहेको गिरुवारी खोलाको झ्यालवास देखी सत्ताकुन खण्डमा ड्याम निमार्णगरि जम्माहुने पानीलाई झ्यालवास,वेलुवा, गिरुवारी लगायतको क्षेत्रमा सिचाई गर्न तथा पानीको मुहान जलाधारको संरक्षण गर्दै उचित व्यवस्थापन गर्न गुरुयोजना तयार गरिनेछ ।
- भैसी तथा गाई पालन गरि गोवरग्यास प्लान्ट जडान गर्ने किसानलाई प्रति प्लान्टका दरमा अनुदान दिइनेछ,साथै घरको शौचालयको Outlet pipe सोही प्लान्टमा जोडेमा थप अनुदान दिईनेछ ।
- हप्सेकोट गाउँपालिकामा रहेका वन समुहहरु र पाहाडी क्षेत्रमा सामुहीक अदुवा,वेसार ,तरुल ,अम्रिसो तषा जडिबुटी खेती उत्पादन तथा प्रशोधन गर्न घुम्ती कोषको स्थापना गरी कृषी सहकारीको माध्यमबाट यस कार्यलाई अगाडि बढाईनेछ ।
- पशु जन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नको लागी पशुहरुमा कृतिम गर्भधान,पशुहरुमा खोप,घाँस उत्पादन प्रर्वद्धन कार्यक्रमहरु संचालन गरिनेछ ।
- पशुपालन व्यवसायलाई दिगोपन तथा नतिजामुखी बनाउनको लागी यस व्यवसायमा संलग्न जनशक्ती लाई आवश्यक तालिम तथा प्रविधि उपलब्ध गराउँदै पशुपंक्षीहरुको तथ्याङ्क अध्यावधिक गरिनेछ ।
- पशु सेबा शाखा बाट दैनिक प्रयोशाला, उपचार, परामर्श आदी सेवा कृषकहरुलाई उपलब्ध गराउनको लागी एउटा प्रयोगशाला(ल्याव) तथा सुचना पाटीको व्यवस्था मिलाइनेछ ।
- पशु जन्य उत्पादन दुध, मासु र अण्डामा यस गाउँपालिका लाई आत्मनिर्भर बनाउनको लागी पाहाडी भु-भागमा मासु तथा अण्डा उत्पादन तथा समथर भु-भागमा दूग्धजन्य उत्पादनको लागी अल्पकालिन,मध्यकालिन तथा दिर्धकालिन कार्यक्रमहरु सञ्चालनमा ल्याईनेछ ।
- उपभोक्ता स्वास्थ्य लाई ध्यान दिदै पशु जन्य उत्पादन,संकल तथा प्रसोधन केन्द्रहरुको नियमित अनुगमन तथा आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- नमुना गोठ/खोर निमार्ण, भकारो सुधार, मासु पसल सुधार आदि कार्यक्रममा अनुदानको व्यवस्था मिलाइनेछ ।
- पशु धन संरक्षणका लागि पशुपंक्षी विमा कार्यक्रमलाई थप प्रवर्द्धन गरिनेछ ।
- मा.वि विद्यालयमा पशु पंक्षी जन्य जुनोटीक रोग ( पशु बाट मानिसमा सर्ने रोग ) सम्बन्धी विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशु स्वास्थ्य तथा सेवा कार्यक्रम लाई प्रभावकारी र आधुनिक बनाउनको लागी पशु प्रविधिकहरु लाई आवश्यक क्षमता अभिवृद्धि तालिमको व्यवस्था मिलाईएको छ ।

- सामुदायिक (भुसिया) कुकुरहरुको विगविगी र रेविज रोग रोकथामको  लागी यस वर्ष (५०) वटा भुसिया कुकुरहरुलाई रेविज बिरुद्धको खोप लागाउने व्यवस्था मिलाईनेछ ।
- पशु विकास अनुदान तथा प्रर्वद्धनका लागी  विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय गरी कार्यक्रमहरु अगाडी बढाइनेछ ।

## घ .सहकारी

- गाउँपालिका भित्रका सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालन तथा अनुगमन गर्न स्थानीय सहकारी ऐनको मार्फत गरिने छ ।
- वचत तथा ऋृणको कार्यक्रम सञ्चालन गर्ने सहकारी मार्फत गाउँपालिकाको सहकार्यमा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।
- निजी क्षेत्र, गैरसरकरी क्षेत्र र विकासका साझेदारहरुसंगको  सहकार्यबाट सहकारी प्रवर्दन, समूह सहरीकरण,सहकारी सचेतना , सहकारी खेती प्रणाली स्वास्थ्य विमा, जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- सस्तो पसल, सहकारी पसल, तरकारी पसल, साईकल मोटरसाईकल वर्कशप,शैलुन पसल, वन समुह र पाहाडी भू भागमा अदुवा, बेसार, तरुल,अम्रिसो खेती र गाई, भैसी ,बाखा पालन बाट स्वरोगगार वृद्धि गर्न व्यवसाय गर्ने महिला /आमा समुह ,किसान समुह,युवा समुहहरुका लागी सहकारी मार्फत अल्प तथा दीर्धकालिन सस्तो व्याजदरमा विउ पुंजीको लागी घुम्ती कोषको स्थापना गरी सञ्चालन गरीनेछ ।
- हुप्सेकोट गाउँपालिको वन समुहहरुमा रहेको सालको पातहरुको संकलन गरी टपरी उद्योग संञ्चालन गर्ने व्यवस्था मिलाइनेछ यस कार्यलाई सफल पार्न **दिदिबहिनी रोजगारी कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको पहाडी वडाहरु (४,५,६) का जनताहरुमा  कार्यक्रम सञ्चालन गर्न स्थापना हुने वा शाखा विस्तार गर्ने सहकारी लाई ईन्टरनेट सम्म पहुँच विस्तार गर्न विद्युत नपुगेका ठाँउमा सोलार पावर जडान गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाको माध्यमबाट विभिन्न सीपमूलक तालिहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

## ङ. खानेपानी तथा सरसफाई :-

- गाउँपालिका भित्रका सबै जनतालाई सफा र शुद्ध खानेपानीको व्यवस्था मिलाईनेछ ।

- खनेपानी उपभेक्ता तथा सरसफाई संस्थाले उपभोक्तालाई दिदै  आएको सेवा नियमन गरिनेछ ।
- गाउँपालिकामा वृहत्तर शहरी खानेपानी विकास कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- स्थानीय नागरीकको सहभागिता र लागत साझेदारीमा, खानेपानी तथा सरसफाईको सेवा क्षेत्र विस्तार र स्तर वृद्धि गरिनेछ ।
- वडा नं १,३ र २ को तराई भेगमा घर घरमा मिटर जडान गरी खानेपानी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- खानेपानी वोर्डको गठन गरी खानेपानी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य अगाडी बढाइनेछ ।
- खानेपानी तथा उपभोक्ता समितिसंगको साझेदारीमा सरसफाईं सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- सरसफाई नमूनाका रुपमा प्रस्तुत हुने टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ ।
- वतावरण सरसफाई सम्बन्धी कार्यहरु सञ्चालन गरीनेछ ।

**च. विद्युत -"उज्यालो हुप्सेकोट "**

- उज्यालो हुप्सेकोट अभियानलाई सफल पार्न आवश्यक वजेट व्यवस्था गरीनेछ ।
- लघु जलविद्युत आयोजना  विकास र विस्तारको व्यवस्था मिलाइनेछ ।
- धौवादीमा संञ्चालित वायु उर्जाको क्षमता प्रवर्द्धन गर्ने कार्यक्रम अगाडि बढाइनेछ ।
- विद्युत नपुगेको वडा नं २ को केहि भागमा ४,५र ६ मा विद्युतीकरण गर्ने व्यवस्था मिलाइने छ ।
- उज्यालो हुप्सेकोट कार्यक्रम अर्न्तगत नेपाल विद्युत प्राधिकरणसंग सम्नवय गरी HT Line नपुगेका पहाडी भु-भागमा विद्युत सुविधा पुऱ्याउने नीति लाई निरन्तरता दिइनेछ ।
- सौर्य उर्जा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइने छ । पहाडी भु भाग जाहा विद्युतको सुविधा पुगेको छैन सो क्षेत्रमा प्राथामिकता दिने गरि गर्भवती देखी सुत्केरी सम्म महिलाको घरलाई ( २ सन्तान भित्र ) उज्यालो हुप्सेकोट कार्यक्रम बाट ( १० देखी १५ वाट क्षमता) सोलर जडान पश्चात रु ७ हजारको दरले बढीमा ५० घर लाई अनुदान दिइनेछ ।
- विपन्न परिवारमा गोवर ग्याँस प्लान्ट जडान गरी वन जंङगल विनास तथा वातावरण संरक्षणमा टेवा पुऱ्याउन अनुदानको व्यवस्था  मिलाइनेछ ।
- पेलेगा मोहनडाँडा र जापँडाँडा  लघु जलविद्युत  स्तरोन्ततिको व्यवस्था मिलाइनेछ ।

- झयालवास वजारभन्दा माथि गिरुवारी खोलामा ड्याम बाधी जलहिार, सिंचाइ तथा जलविद्युत आयोजना सञ्चालन गर्न संघ, प्रदेश तथा निजी क्षेत्रको सहकार्यमा आयोजना सञ्चालन गर्न पहल गरिनेछ ।

**छ. सूचना तथा सञ्चार प्रविधि**

- जनताको सु-सुचित हुन पाउने सूचनाको हक प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, सार्वजनिक परिक्षण,हरेक सरकारी कार्यालय, संघ संस्था तथा विद्यालयहरु बाट सम्पादित कार्यहरुको चौमासिक सार्वजनीकीकरण गर्ने प्रणाली विकास गरिने छ ।
- सूचना प्रविधीसंग सम्वन्धित तालिम, सेमिनार लगायतका प्रवर्द्धनात्मक विषयहरु सरोकारवाला निकायहरुसंग समन्वय गरी सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको टेलिफोन सेवाबाट वञ्चित जनताहरु लाई टेलिफोनतथा मोवाइलमा पहुँच पुऱ्याउन वडा नं. ४,५ र ६ मा टेलिफोन टावर निमार्ण कार्य सरोकारवाला निकायसंग समन्वय गरी अगाडी बढाइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सबै सेवा सुविधाहरु सूचनापाटी, बुलेटिन र बेभसाइटको माध्यमबाट प्रवाह गरिनेछ ।

**ज. युवा तथा खेलकुद :-"सीप सिकौ -समृद्ध बनौ"**

- युवालाई गाउँपालिकाको विकास एवं समृद्धि प्रति जिम्मेवार बनाउन,कर्तव्यबोध र नैतिकतावान बनाउन युवा निति ल्याइनेछ ।
- युवाहरुको क्षमता प्रस्फुटन गर्न युवा परिचालन कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्यक वडाका वेरोजगारी युवाहरुलाई सरकारी गैरसरकारी एवं सहकारीसंग सहकार्यमा प्लम्बिङ्ग, इलेक्ट्रिशियन,वेल्डिङ्ग, सिकर्मी,डकर्मी, व्युटिशियन,कपाल काट्ने आदि सीपमूलक कार्यक्रम सञ्चालन गरीनेछ ।
- सिकर्मी,डकर्मी आदि तालिम लिएका युवाहरुलाई गाउँपालिकाले रोजगारीमा प्राथामिता दिइनेछ ।
- युवाकेन्द्रित लागू औषध दुर्व्यसन,सकारात्मक सोच जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवाको साहस सिर्जनशीलता,आत्मविश्वासर उद्यमशीलतालाई उच्च मुल्याङकन गदै गाउँको मानवीय पुँजीको रुपमा लिइनेछ ।
- खेलकुद,सामाजिक विकास,वातावरण संरक्षण प्रकोप व्यवस्थापन ,सामाजिक तथा आर्थिक रुपान्तरण लगायतका क्षेत्रमा स्वंय सेवकको रुपमा युवा परिचालन गरिनेछ । स्वंय व्यवस्थापन र परिचालन कार्यविधि निमार्णगरी स्वर्यसेवक दस्ता बनाइनेछ ।
- हरेक वडामा एक -एक खेलमैदानको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाको वडा नं २ को कोलियामा एउटा रंङ्गशाला निमार्ण गरिनेछ ।

## झ. धर्म,संस्कृति र पर्यटन विकास -

- पहाडी वस्तिमा होमस्टे (घरवास) व्यवस्था गरी पर्यटकीय गन्तव्य स्थलको रुपमा विकसित गरिनेछ ।
- मगर संग्रालय स्थापना गर्न पहल गरिनेछ ।
- पर्यटन विकास अन्तर्गत गिरुवारी खोलाको जललाई आधार मानी झ्यालवास देखी सत्तकुन खण्डमा ड्यामको निमार्ण गरेपछी जम्मा हुने पानीको पोखरी तालमा जल विहार (बोटिङ) र छेवैमा रिसोर्टको स्थापना गरी स्व देखी माथिल्लो पाहाडी भागमा १ धण्टे ट्रयाकिङको व्यवस्थापन गरी पर्यटनको विकास गरिनेछ । पर्यटन विकासको लागि गुरुयोजना निमार्ण गरिनेछ ।
- गाउँपालिकाको पहाडी भेगमा पदमार्ग विकसित गरिनेछ ।
- ग्रामीण पर्यटनलाई टेवा दिन रुद्रपुरगढी,दरवार थुम्का सिरीपोखरी जस्ता ऐतिहासिक एवं पुरातात्वीक सम्पदाहरको संरषण संवद्धन गरी पर्यटकीय गन्तव्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- रुद्रपुरको धौवादीमा भ्युटावर निमार्ण गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुले कुनै पनि कार्यक्रम सञ्चालन गर्न गाउँपालिको पूर्व स्वीकृत लिएर मात्र कार्यक्रम गर्ने व्यवस्था मिलाइनेछ ।
- विभिन्न जात जातिका धर्म,संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक खाली जग्गाा कुनै संघ संस्था वा वक्तिले निश्चित समयको लागि भाडामा लिएर पर्यटन सम्बन्धी होटल लगायत अन्य कार्यक्रमहरु सञ्चालन गर्न गाउँपालिकामा प्रस्तावमा पेश गरेमा तोकेको शुलक लिई सार्वजनिक खाली जग्गामा भाडामा दिन सक्ने नीति लिइनेछ ।

### ञ.वन तथा वातावरण :

- गाउँपालिका भित्रका वनहरुको उचित संरक्षण र संवर्द्धनको नीति लिइनेछ ।
- सामुदायीक वनहरुले आम्दानीको २५% रकम गाउँपालिकाको शैक्षिक विकास कोषमा जम्मा गर्ने व्यवस्था मिलाइनेछ । त्यसरी जम्मा भएको रकम विद्यालयहरुको निमार्ण तथा बालबालिको नि: शुल्क शिक्षाको क्षेत्रमा खर्च गरिनेछ ।
- विश्व वातावरणमा तापक्रम र वायु प्रदुषणको वृद्धिमा यस हुप्सेकोट गाउँपालिकाले कार्बन उत्सर्गनमा कमि र न्युनिकरण गर्न गोवर ग्यास प्लान्ट जडान तथा सुधारिएको चुलो वितरण गरि एल.पी ग्याँस र दाउराको खपतमा कमि ल्याई वातावरण संरक्षणमा टेवा पुऱ्याउने नीति लिइनेछ ।

- सामुदायिक वनहरुको आर्थिक कारोवार पादर्शी बनाउन गाउँपालिमा सूचिकृत गाउँपालिकाले तोकेको लेखा परीक्षणबाट लेखा परीक्षण गराउने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा निजी संरचनाहरुमा वातावरणमैत्री स्थानीय शासन (EFLG) कार्यक्रमका सूचकहरु कार्यन्वयन गर्दै लगिनेछ ।
- सार्वजनिक खाली जग्गा बाँझो,पर्ती नदी उकास तथा नदी किनारा लगायतका जमिनमा वृक्षारोपण तथा वनविस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वनसँगको सहकार्यमा नर्सरीको स्थापना तथा स्तोरन्नतिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- राम्चे विरुखरक पैरावास लगायतका पहिरो नियन्त्रण गर्न वृक्षारोपण लगायत अन्य कार्यक्रम सञ्चालन गरिनेछ ।

## ट. सामाजिक सुरक्षा :

### महिला बालबालिका ,जेष्ठनागरिक, तथा समाज कल्याण

- सञ्चार माध्यमसँगको सहकार्यमा लैङ्गिक चेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरीनेछ ।
- सामाजिक तथा  मानविय कल्याणको लागि हुप्सेकोटको पाहाडी भू-भागलाई प्राथामिकता दिने गरि खरको छाना विस्तापीत गर्न प्रति वाड १० घर कम्तिमा पर्ने गरी प्रतिघरलाई रु १५ हजारको दरले वितरण गरिनेछ ।
- महिलमा  माथि हुने हिंसा न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलालाई आर्थिक रुपले सबल बनाउन विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
- प्रजन्न्  स्वास्थ्य र बाल अधिकार संरक्षण सम्बन्धी  कार्यक्रम गरिनेछ ।
- दलित, एकल महिला,अपाङ्ग, अल्पसङ्ख्यक द्धन्द पिडितहरुको जीवन स्तर उकास्न विभिन्न रोजगारमूलक तालिम सञ्चालित गरिन्छ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला सशक्तिकरणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- हरेक वडामा बाल उद्यान, स्थापनको थालनी गरिनेछ ।
- जातीय विभेद न्यूनीकरण र समतमूलक  समाज निमार्णको लागि अभियान सञ्चालन गरिनेछ ।

## ठ. भू - उपयोग नीति  तथा सार्वजनिक जग्गाको व्यवस्थापनः

- भू-उपयोग नियम तर्जुमा गरी भू-उपयोग नीतिले अंगिकार गरेका प्रावधान अनुसार औधोगिकरण,आवासीय,कृषी मनोरञ्जन वन उद्यान लगायतका क्षेत्रहरु तेकिनेछ ।
- गाउपालिका भित्रको सार्वजनिक ऐलेनी,पर्ती र सार्वजनिक जग्गाको नक्साङ्कन र सिमानङ्क गरी संरक्षण र संवर्द्धन गरिनेछ ।
- खेतीयोग्य जमिनमा पलटिङ्ग गर्न रोक लगाइनेछ ।
- अतिक्रमण सार्वजनिक जमिनको खोज गरिनेछ ।
- अव्यवस्थित वसोवास,सुकुम्वासीको व्यवस्थापनको लागि व्यवस्थित वसोवास समितिको माध्यमबाट आवश्यक व्यवस्था मिलाइनेछ ।

**ड.सार्वजनिक सेवा प्रवाह र सुशासन**

- गाउँपालिकामा मोवाइल एप्लिकेशन निमार्ण गरी सूचनाहरु प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।
- सार्वजनिक सेवालाई पारदर्शी र विकास आयोजना कार्यन्वयन गर्ने निकाय र जनशक्तिको व्यवस्थापकिय प्रविधिक क्षमता वृद्धि गरिनेछ ।
- सदाचार प्रर्वद्धन गर्न र भ्रष्टचारजन्य क्रियाकलापमा शून्य सहनशीलताको नीति अपनाई भ्रष्टचार गर्ने र गराउनेलाई कानूनको दायरामा ल्याइनेछ ।
- बजार अनुगमन, बालश्रम, विद्यालय, व्यवसाय सञ्चालन,घर निमार्ण,सार्वजनिक जग्गाको साथ औषधी, मासुपसल, होटल लगायतका जनजिविका सँग सम्बन्धित कानूनका अधिनमा रही कडाइका साथ अनुगम गरीनेछ ।
- नेपालको संविधान तथा स्थानिय सरकार सञ्चालन ऐन तथा अन्य कानूनले निर्दिष्ट गरे अनुसार सबै सामुदायिक संघ सस्था, सामुदायिक वन समिति,विधालयहरुमा तथा गैरसरकारी संघ सस्थालाई स्थानीय सरकारप्रति उत्तरदायी बन्नुपर्ने व्यवस्थालाई प्रभावकारी कार्यन्वयन गरीनेछ ।
- सबै संघसंस्था सामुदायिक वन समिति नमुना नमसना विद्यालयहरुले गाउँपालिकाले तोकेको ढाँचामा सार्वजनिक सुनुवाई आन्तरिक तथा बाह्य लेखा परिक्षण गराउनुपर्नेछ ।
- जनप्रतिनिधी कर्मचारी,शिक्षक लगायतका कार्यको क्षमता वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**ढ. राजस्व प्रशासन :**

- गाउँवासीलाई कर तिर्नु बोझ नभई आफ्नो कर्तब्य र दायित्व हो भन्ने कुरा प्रत्याभूत गराउन हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अबलम्बन गरिनेछ ।
- करको दरभन्दा दायरालाई प्राथामिता दिई सोही अनसुार कर नीतिहरु तयार गरिनेछ ।
- घरबाहाल करलाई मापदण्ड तयार गरी लागू गरिनेछ ।

- ढुङ्गा,गिट्टी,वालुवा, रोडा,माटो लगायत नदीजन्य पदार्थ गाउँपालिकाको सम्पत्तीको रुपमा रहेको राजस्वका स्रोतहरुको पहिचान गरी समयमा नै ठेकका पट्टा लगाउने काम सम्पन्न गरिनेछ ।
  - एक लाख भन्दाबढी खर्चको विवरण सबै संघ सस्थालाई सार्वजनिक गर्नुपर्ने व्यवस्था गरिनेछ ।
  - खसी वोका, कुखुरा, सामुदायिक वनबाट निकासी हुने काठहरुमा निकासी कर लगाइनेछ ।
- गाउँपालिका भित्र सम्पत्ती उद्योग र व्यवसायमा महिलाको सहभागिता वृद्धि गर्ने उद्देश्यले जस्तो सुकै प्रकारको जग्गा /घरको स्वामित्व ,उद्योग व्यसायको सञ्चालक/प्रोपोराइटरसिप महिला रहेमा त्यस्तो जग्गा/घर ,व्यवसाय /उद्योगमा लाग्ने करमा ५०% छुट दिइनेछ ।
  - सबैभन्दा घेरै कर दाखिला गर्ने करदातालाई उत्कृष्ट करदाताको रुपमा पुरस्कृत गरिनेछ ।
  - गाउँपालिकाको वस्तीहरुलाई व्यवस्थि तगर्न घर नम्बर दिई अनिवार्य घरदर्त गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
  - घरजग्गा रजिष्टेशन शुल्क,सवारी साधन कर सङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
  - गाउँपालिकाको वडा नं. १,२,३ र ४ का  वडाहरुमा तराईको समथर जग्गाहरुको घर जग्गा र जग्गाको रजिष्टेशन लिखितको थैली अडामा ०.५% थप शुल्क लाग्ने व्यवस्था गरिनेछ ।

**ण. पूर्वाधार :**

- गाउँपालिकाका हरेक वडाहरुलाई सडक सञ्जालबाट जोडदै सडकहरुको स्तरीकरण गरी बाह्रै महिना सवारी साधन सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रदेश सरकारले घोषणा गरेको विशेष  संरक्षित क्षेत्र अन्तर्गतको एकिकृत विकास कार्यक्रम वडा नं ६ मा सञ्चालन गरिनेछ ।
- हुप्सेकोट गौरवको आयोजना अन्तर्गत हुप्सेकोट चक्रपथको निमार्णको सम्भाव्यता अध्ययन गरी निमार्ण कार्य अगाडि बढाइनेछ ।
- हुप्सेकोट -वसोनी- रुचाङ-डेढगाउँ पोखरा सडकलाई प्रदेश मार्गको  रुपमा लैजान प्रदेश संग गाउँपालिकाले सहकार्य गरी अगाडि बढाइनेछ ।
- गिरुवारी खोलाको दुर्गे वैरेनी घाटमा मोटेरेबल पुल निमार्ण गर्न प्रदेश र संघ संग सहकार्य गरिनेछ ।
- झ्यालवास कोलिया आलोक मार्ग संघ संग सहकार्य गरिनेछ ।
- गिरुवारी -हसौरा वनरी मार्ग हुदै निमार्णको लागी वजेटको व्यवस्था गरिनेछ ।

- गिरुवारी -हुप्सेकोट बाटो निमार्ण गरिनेछ ।
- खोपकेन्द्र देखि बुद्धचोक सम्म बाटो स्तरोन्नति गरिनेछ ।
- डिही -चुहानथर -वेहोरावारी जानेबाटो निमार्ण गरिनेछ ।
- शङ्खदेवको चापागाई टोलदेखि -वीचटोल शिक्षावोधनी मा.वि -भैसीघाटहुदै चौराढाप जाने मोटर बाटोलाई शङ्खदेव विशेष सडक कार्यक्रम अर्न्तगत राखी स्तरोन्नति गरीनेछ ।
- सम्भेनी ,कोलिया,गिरुवारीहुदै झयालवास मोटर बाटो निमार्ण गरिनेछ ।
- शंङ्खदेवको चौकीमाथिको डाँडा देखि अस्पताल हुदै झरना खोला सम्मको मोटरबाटो स्तरोन्नति गरीनेछ ।
- शङ्खदेवको उन्नती टोलको हसौरा खोलामा कर्ल्भट निमार्ण गरिनेछ ।
- शङ्खदेवको स्कुलटोल देखि कोरवे टोलहुदै खम्भरी खाल्टा जोड्ने मोटरबाटो निमार्ण गरिनेछ ।

**त. उद्योग :**

- गाउँपालिकामा एक औद्यौगीक ग्राम सम्भाव्यताका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- उत्पादन वृद्धि,रोजगारी सिर्जना तथा गरिवी निवारणमा टेवा पुऱ्याउने साना तथा मझौला उद्योग स्थापना गर्ने निजि क्षेत्रलाई विशेष प्रोत्साहन गरिनेछ ।
- परम्परागत ज्ञान,सीप ,स्थानीय प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग स्थापना गर्न प्रवद्धन गर्ने निति अबलम्बन गरिनेछ ।
- गाउँपालिकामा रहेको फलाम खानी उत्खन्न गर्न संघीय सरकार संग विशेष पहल गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालीत उद्योग र व्यवसायमा महिलाको सहभागिता वृद्धि गर्ने उद्देश्यले जस्तो सुकै प्रकारको जग्गा/घरको स्वामित्व ,उद्योग व्यसायको सञ्चालक/प्रोपोराइटरसिप महिलामा हुने वातावरण सृर्जना गरिनेछ ।
- उत्पादन वृद्धि,रोजगारी सिर्जना तथा गरिवी निवारणमा टेवा पुऱ्याउने साना तथा मझौला उद्योग स्थापना गर्ने निजि क्षेत्रलाई विशेष प्रोत्साहन गरिनेछ ।
- परम्परागत ज्ञान,सीप ,स्थानीय प्रविधि र कच्चा पदार्थमा आधारित घरेलु तथा साना लघु उद्योग स्थापना गर्न प्रवद्धन गर्ने निति अबलम्बन गरिनेछ ।
- युवा लक्षित कोषबाट युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकामा मझौला तथा ठूला उद्योग खोल्न चाहाने उद्यमीले स्थानीय २०० भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिने भएमा सार्वजनिक जग्गा निश्चित अवधिको लागि उपयोग गर्न दिने नीति अवलम्वन गरिनेछ ।

**थ.न्याय तथा सुरक्षा :**

- ७०% भन्दा बढि भु-भाग पाहाडी क्षेत्र रहेको यातायातको सुविधा समेत नपुगेको दृष्टिकोणबाट यस गाउँपालिका भित्र कम्तिमा ५ कठ्ठा जग्गाको व्यवस्थापन गरि ईलाका प्रहरी कार्यालय हुप्सेकोट स्थापना गर्न नेपाल सरकार गृह मन्त्रालयमा पहल गरिनेछ ।
- हुप्सेकोट गाउँपालिकाको गतिविधी,कामकार्वाही,नीति र निर्णय प्रक्रियालाई थप विधीसंगत,पारदर्शी र व्यवस्थित गर्न वजार अनुगमन प्रणाली,उद्योग व्यवसायलाई व्यवस्थित सञ्चालन गर्न तषा हुप्सेकोट गाउँपालिका र विभिन्न संघसस्था जस्तै सहकारी,विद्यालय,वन समुह आदि बिचको सम्बन्ध समधुर समन्यात्मक बनाउन यस हुप्सेकोट गाउँपालिकाबाट आवश्यक पर्ने विभिन्न ऐन,नियम ,निर्देशिका,मापदण्ड र कार्यविधीहरुको प्रारम्भीक मसौदा तयार भई सुझाब ,सल्लाह,छलफल कार्य भई रहेको छ भने आगामी आर्थिक वर्ष भित्र उक्त मसौदा पारित हुने नीति लिईनेछ ।
- यस गाउँपालिकाको न्यायिक समितीको छलफल, निर्णय प्रकृयालाई व्यवस्थित र पादर्शी बनाउन नियमको तर्जुमा गरि इजलासको व्यवस्था मिलाइनेछ ।

**आदरणीय महानुभावहरु :**

प्रस्तुत नीति तथा कार्यक्रम हुप्सेकोट गाउँपालिकालाई महिला मैत्री,समृद्ध गाउँपालिका बनाउने मार्गदर्शक दस्तावेज हो । यसको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य र स्वामित्व अपरिहार्य रहेको छ । यसको सफल कार्यन्वयनको लागिसम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघ सस्थाहरु,नगारीक समाज ,बुद्धिजीविहरु,शिक्षक कर्मचारीहरु ,सम्पूर्ण सञ्चारकर्मी मित्रहरु,सुरक्षाकर्मीहरु सबैको सद्भाव सहभागिता र सहयोग हुने अपेक्षा साथ विदा लिन्छु ।

-जय नेपाल

लक्ष्मी पाण्डे

अध्यक्ष हुप्सेकोट गाउँपालिका